# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. २०८०।०८१
च.नं. ६४

मिति: २०८०।०४।०७

राप्ती नगरपालिका नगर कार्यपालिकाको कार्यालय हर्दी, भण्डारा, चितवन बागमती प्रदेश, नेपाल २०७३

न्यायिक समितिको कार्यालयबाट मेलमिलापकर्ताहरुलाई सुचीकृत हुनका लागि जारी गरीएको सुचना ।

यस राप्ती नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन,२०७४ को दफा ६० ले व्यवस्था गरे बमोजिम न्यायिक समितिको मिति २०८०/०४/०७ को निर्णय अनुसार देहायका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट मेलमिलापकर्ताको रुपमा सुचीकृत हुन देहाय बमोजिमको प्रमाणित कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र राप्ती नगरपालिका न्यायिक शाखामा सम्पर्क गरी अनिवार्य रुपमा आवेदन पेश गर्नु हुन सम्बन्धित सवैमा जानकारीको लागि यो सुचना जारी गरिएको छ ।

सुचीकृत नभएका मेलमिलापकर्ताहरु राप्ती नगरपालिका न्यायिक समिति अन्तर्गत मेलमिलाप सम्बन्धी कुनै पनि कार्यमा सहभागी हुन र सेवा सुविधा प्राप्त गर्न अयोग्य हुने व्यहोरा पनि जानकारी गराइन्छ ।

देहायः

१.मेलमिलापकर्ताको रुपमा सुचीकृत हुनको लागि आवश्यक योग्यताः

क.कम्तीमा +2 वा सो सरह उतिर्ण गरेको,

ख. स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको,

ग. मेलमिलाप सम्बन्धी आधारभूत तालिम पूरा गरेको,

घ. २५(पच्चीस) वर्ष उमेर पुरा भएको,

ङ. कुनै राजनीतिक दलप्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको,

च. ४८ घण्टाको तालिम लिई यस पुर्व निरन्तर मेलमिलाप समितिमा रही कार्य गरेकाहरुको हकमा माथि (क) मा उल्लेखित शैक्षिक योग्यता आवश्यक पर्ने छैन।

२.संलग्न गर्नुपर्ने कागजातहरुः

क. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि...............१

ख. मेलमिलापकर्ताको तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि....१

ग. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि...............१

घ.pp sizeको फोटो ...............२ प्रति

ङ. रित पुर्वकको निवेदन...............१

शैलेन्द्र भण्डारी
निमित्त प्रमुख प्रशासकीय अधिकृत